# स्वतः प्रकाशन (**Proactive Disclosure**)

**नेपालको** संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागी ऐन र नियमावलीमा गरी २० वटा शिर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायले पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, बर्दियाले आ.व. २०८१।८२ को चौथो त्रैमासिक (चैत्र-असार) महिनामा सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरेको छ ।




जिल्ला समन्वय समितिको कार्यालय

बर्दिया




## जिल्लासमन्वय अधिकारीको भनाई

नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकलाई मौलीक हकको रुपमा व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानून वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन उल्लेख छ । सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो निकायसंग सम्वन्धीत सूचनाहरु अद्यावधीक गरी राख्नुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सही सूचना समयमै प्राप्त गर्नु आम नागरिकको अधिकार हो भने प्रकाशन गर्नु सार्वजनिक निकायको कर्तब्य हो । सोही अनुसार जिल्ला समन्वय समितिको कार्यालय बर्दियाबाट २०७७ श्रावण १ गते देखि आश्विन मसान्त सम्म सम्पादन भए/गरेका गतिविधिहरुलाई अद्यावधीक गरी स्वतः प्रकाशन (Proactive Disclosure) गरिएको छ ।

यस प्रकाशनले कार्यालयको काम कारबाही लोकतान्त्रिक पद्धती अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउनुका साथै यस कार्यालयबाट उक्त अवधिमा भए/गरेका क्रियाकलापको बारेमा आम जनताको सहज पहुँचलाई सरल र सहज बनाउनेछ भन्ने विश्वास लिईएको छ । संविधानको धारा २२०(७) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ ले निर्दिष्ट गरेवमोजिमका कार्यहरु यस कार्यालयवाट सम्पादन गर्दै आएका छन् । यस कार्यालयबाट सम्पादन हुने क्रियाकलापहरुलाई थप प्रभावकारी र नतिजामुखी बनाउन सरोकारवाला सबैको सुझाव एवं पृष्ठपोषणको सदैव अपेक्षा राख्दछु । अन्त्यमा यस त्रैमासिक स्वतः प्रकाशनमा सहयोग पुऱ्याउने यस कार्यालयका **सूचना अधिकारी ई. श्री कृष्ण कुमार सहनी र नायब सुब्बा किरण सोमै** प्रति विषेश आभार प्रकट गर्न चाहान्छु ।

**लक्ष्मी तिवारी**
**जिल्ला समन्वय अधिकारी, बर्दिया**

# बर्दिया जिल्लाको नक्सा (Map of Bardiya District)



# पृष्ठभूमि

प्रदेश नं ५ को पश्चिममा रहेको बर्दिया जिल्ला सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशसँग जोडिएको छ । यस जिल्लाको सीमाना पूर्वमा बाँके, उत्तरतर्फ सुर्खेत र सल्यान, पश्चिममा कैलाली र दक्षिणतर्फ भारतको उत्तर प्रदेशको बहराइच जिल्ला जोडिएको छ । यो जिल्लाको क्षेत्रफल करिब २,०२५ बर्ग किलोमिटर छ । जसको लगभग ६० प्रतिशत भू-भाग प्राकृतिक सम्पदाको रुपमा र चालिस प्रतिशत कृषि र आवादी रहेको छ । बि.सं. २०७८ को जनगणना अनुसार यहाँको जनसंख्या ४५९९०० रहेको छ । बर्दिया जिल्लाको मध्यपश्चिमि भागमा मानसरोबरबाट आउने कर्णाली नदी र जिल्लाको मध्य भागबाट दागं, प्यूठान हुँदै आएको बबई नदी बग्दछन् भने पश्चिमपट्टि कैलाली र बर्दियाको सीमाना हुँदै कर्णालीको अर्को भंगालो बग्दछ । यस्तै पूर्वमा मानखोला वीचमा बबई नदी, भादा नाला, औरही खोला, बुढी नाला, डुडुवा नाला जस्ता नदीनाला बग्दछन् । यस जिल्लाको बढैयाताल, सत्खलुवा ताल, ताराताल लगायतका ताल तलैया र सीमसार क्षेत्रहरु, प्राकृतिक छटायुक्त कर्णाली - गेरुवा संगम, जैविक विविधतायुक्त बर्दिया राष्ट्रिय निकुञ्ज र कृष्णसार संरक्षण क्षेत्र, धार्मिक आस्थाको केन्द्र ठाकुरद्वारा, कोटही देवी, बगलामुखी जस्ता बिशेषता रहेका छन् । संघीय ढाँचा निर्धारण हुँदा गेरुवा र बढैयाताल गाउँपालिका, गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बारबर्दिया र बाँसगढी नगरपालिका गरी आठ वटा स्थानीय तह रहेका छन् ।

नेपालको संविधान (२०७२) अनुसार स्थानीय तहको निर्वाचन पश्चात् बर्दिया जिल्लाका आठ वटा नै स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष सम्मिलित निर्वाचक मण्डलबाट मिति २०७४।०५।०९ मा निर्वाचन सम्पन्न भई सोही दिन जिल्ला समन्वय समितिको गठन भयो । मिति २०७४।०५।०९ मा समितिको पहिलो बैठक बस्दै कार्यारम्भ गरेको थियो । नेपालको सबिंधान, (२०७२) को धारा २२० अनुसार काम तथा कर्तब्य तोकिएको हुँदा सोही वमोजिमका कार्यसम्पादनमा जिल्ला समन्वय समिति क्रियाशील रहेको छ ।

निर्वाचन पश्चात तत्कालीन जिल्ला विकास समिति अन्तर्गतको स्थानान्तरण नभइसकेका कतिपय दायित्वहरुको जिम्मेवारीहरु पूरा गर्दै सबिंधानतः समितिलाई प्राप्त अधिकार अन्तर्गतका कार्यहरु यसले गर्दै आइरहेको छ । प्राकृतिक स्रोत साधन विशेषतः नदीजन्य पदार्थको व्यवस्थापन लगायत अन्य ठेक्का बन्दोबस्त लगायतका कार्यहरु, जिल्लास्तरीय समीक्षा तथा नियमन, स्थानीय विकास कार्यक्रम, स्थानीय निकायको क्षमता अभिबृद्धि कार्यक्रम, बहुसरोकारवाला पोषण कार्यक्रम र यस अन्तर्गतका कार्यक्रमहरु स्थानीय तहमा समावेश गर्न सहजीकरण, लगायतका कार्यहरु समितिले सम्पादन गरेको छ । यस मध्ये केही कार्यहरु स्थानीय तहबाट नै हुने गरी अभिलेख पठाउने, अगामी दिनमा स्थानीय तहबाट नै समयमा प्रकृया शुरु गर्नुपर्ने विषयमा जानकारी गराउने लगायत विगतमा जिल्ला विकास समितिबाट कार्यसम्पादन गर्दा अपनाइएको विधि प्रकृया लगायत संस्थागत सम्झनाका पक्षहरु औपचारिक, अनौपचारिक विधि तथा अन्तरकृयाका माध्यमबाट स्थानीय तहमा जानकारी गराउने कार्य समेत गरिएको छ । यस समितिले नेपालको संबिधान (२०७२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित नेपाल कानुन अनुसार कार्यसम्पादन गर्दै आएको छ ।

# विषयसूची


१. जि.स.स. को स्वरुप र प्रकृति

२. जि.स.स. को काम, कर्तव्य र अधिकार

३. जि.स.स. मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स. बाट प्रदान गरिने सेवा

५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाथर, पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए वमोजिमका अन्य विवरण

१४. सार्वजनिक निकायको वेभसाइट

१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

अनुसुची- १: जि.स.स. पदाधिकारीहरुको विवरण

अनुसूची-२: जि.स.स. बाट सम्पादित कृयाकलापका केही झलकहरु

# जिल्ला समन्वय समितिको कार्यालय, बर्दिया

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व. २०८१/०८२ ( (चैत्र-असार) )

### १. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति

जिल्ला समन्वय समिति कार्यालय जिल्ला भित्रका सबै कार्यालयसंग कार्यगत नेतृत्व, समन्वय र सहकार्य गर्ने कार्यालय हो जिल्ला समन्वय समिति । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फवाट गर्नुपर्ने सम्पुर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था छ । बर्दिया जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

बर्दिया जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा वस्ने गरेको छ भने आवश्यकतानुसार अन्य बैठक समेत वस्ने गरेको छ । केन्द्र सरकारवाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी ( रा.प.द्धि.श्रेणी) को नेतृत्वमा निजामति तर्फका कर्मचारीहरु कार्यरत रहने प्रावधान छ । संघ, प्रदेश र स्थानीय तहबाट संचालित आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन यस कार्यालयबाट हुदै आएको छ । नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था भई संविधानको धारा २२० (७) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जि.स.स. ले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

### २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

**(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः**

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
- प्रदेश कानून वमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारका कार्यहरुः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुने उल्लेख छ ।

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाविचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट संचालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने , त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समूदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।
- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसंग समन्वय गर्ने ।
- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय तथा न.पा. र गा.पा. विच समन्वय गर्ने ।
- जिल्ला भित्रका कुनै गाउँपालिका र नगरपालिका विच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्ने ।
- जिल्लाभित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजीक्षेत्र संग समन्वय गर्ने ।
- जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्वन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकतानुसार सम्वन्धीत न.पा. र गा.पा. लाई सुझाव दिने ।
- आफ्नो कामकारबाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्वन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एकपटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरि सो जिल्लावाट संघीय सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।
- लुम्बिनी प्रदेश सरकारद्धारा प्रकाशित जि.स.स. को काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ मा उल्लेखित कार्यहरु

## ३.   जिल्ला समन्वय समितिको कार्यालयको कर्मचारी दरबन्दी तेरिजको विवरण:

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | जि.स.अ. | रा.प.द्धितिय | प्रशासन | सा.प्र. | १ | |
| २ | शाखा अधिकत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | १ | |
| ३ | ईन्जिनियर | रा.प.तृतिय | ईन्जि. | सिभिल | १ | |
| ४ | नायब सुब्बा | रा.प.अन्.प्रथम | प्रशासन | सा.प्र. | १ | |
| ५ | लेखा सहायक | रा.प.अन्.प्रथम | प्रशासन | लेखा | १ | |
| ६ | सब.ईन्जिनियर | रा.प.अन्.प्रथम | ईन्जि. | सिभिल | १ | रिक्त |
| ७ | खरिदार | रा.प.अन्.द्धितिय | प्रशासन | सा.प्र. | १ | |
| ८ | का.स. | श्रेणीविहीन | | | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहीन | | | २ | |
| जम्मा | | | | | १२ | |

करार सेवा प्रयोजन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नायब सुब्बा | रा.प.अन्.प्रथम | - | - | १ | करार |

प्रमुखज्यूको निजि सचिवालयमा रहने रा.प.अन्.प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ । यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वत: अवकास हुनेछ ।

## ४. जिल्ला समन्वय समितिको कार्यालय बर्दियावाट प्रदान गरिने सेवाहरु

- बुँदा नं. २ को (क) र (ख) मा उल्लेख भएवमोजिम र सो संग सम्वन्धित सवै प्रकारका सेवा उपलव्ध गराउने ।
- विभिन्न निकायहरु, संघ-संस्था, विच समन्वय र अनुगमन सम्वन्धी कार्यहरु ।

## ५ जिल्ला समन्वय समितिको कार्यालयमा हाल कार्यरत कर्मचारीको विवरण र सेवा प्रदान गर्ने जिम्मेवारी तथा शाखा

निजामति सेवातर्फ

| सि.नं. | श्रेणी/तह | पद, नामथर | कार्यरत शाखा |
|---|---|---|---|
| १ | रा.प.दृतीय | जि.स.अ.श्री लक्ष्मी तिवारी | कार्यालय प्रमुख |
| २ | रा.प.तृतीय | शा.अ श्री राम बहादुर थापा | प्रशासन शाखा |
| ३ | रा.प.तृतीय | ई. श्री कृषण कुमार सहनी | प्राविधिक  शाखा |
| ३ | रा.प.अन्.प्रथम | ले.पा. श्री  पूर्ण बहादुर चौधरी | आर्थिक प्रशासन शाखा |
| ४ | रा.प.अन्.प्रथम | ना . सु किरण सोमै | प्रशासन शाखा |
| ६ | रा.प.अन्.द्धितिय | खरिदार श्री माधवी खड्का | जिन्सी शाखा |

करार सेवातर्फ

| सि.नं. | श्रेणी/तह | पद, नामथर | कार्यरत शाखा |
|---|---|---|---|
| १ | रा.प.अन्.प्रथम | सचिवालय प्रमुख श्री सन्जोग शर्मा | प्रमुखज्यूको निजी सचिवालय |
| २ | श्रेणीविहीन | ह.स.चा. श्री वसन्त थारु | - |
| ३ | श्रेणीविहीन | ह.स.चा. श्री प्रेम लाल चौधरी | - |
| ४ | श्रेणीविहीन | का.स. श्री अर्जुन चौधरी | - |
| ५ | श्रेणीविहीन | का.स. श्री रोशनी हड्का | - |
| ६ | श्रेणीविहीन | का.स. श्री अतिष्मा कुमारी चौधरी | - |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर अवधी

जि.स.स. वाट प्राप्त हुने सेवाहरु निःशुल्क रुपमा प्रदान हुने गरेको ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने  प्रक्रिया र अधिकारी

- ✓ शाखासंग सम्वन्धित नियमित कामहरु शाखा प्रमुखवाट निर्णय हुने ।
- ✓ विषेश निर्णय तथा कार्यालय प्रमुखवाटै हुनुपर्ने भनि तोकिएका कार्यहरुको कार्यालय प्रमुखवाट निर्णय हुने ।
- ✓ नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिवाट निर्णय हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- ❖ दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य व्यवहार बारे गुनासो सुन्ने : जि.स.अ.
- ❖ जिल्ला समन्वय  अधिकारीवाट भएका कार्यको सम्वन्धमा : प्रमुख

## ९. सम्पादित कार्यहरु

- यस आ.व. २०८१/०८२ मा १६ वटा  बोर्ड बैठक बसेको छ ।
- जिल्ला सभा र ०४ वटा विविध समिक्षात्मक बैठक गरिएको छ ।
- महिला बालबालिका तथा जेष्ट नागरिकसंग सम्बन्धित कार्यक्रम अनुगमन गरिएको छ ।
- विभिन्न निकायहरुबाट प्राप्त सूचना टाँस नियमित रुपमा गरिएको छ ।
- जिल्लाभित्र सञ्चालनमा रहेको बिभिन्न परियोजनाहरुको निर्माण कार्य छिटोछरितो रुपमा सम्पन्न गर्न सम्बन्धित निकायमा अनुरोध गरिएको छ ।
- जिल्लास्तरीय कृषि, शिक्षा, उद्योग, वन, महिला विकास, स्वास्थ्य लगायतका विभिन्न समितिहरुमा अध्यक्षता ग्रहण गर्ने तथा सो सम्बन्धी कार्यहरुमा स्थानीय तह र जिल्ला कार्यालयहरु बीच समन्वय र सहजीकरणको कार्य हुँदै आएको छ ।
- जिल्लास्तरीय कार्यालय लगायत बिभिन्न गैरसरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रम, योजनाहरुको अनुगमन गरिएको छ ।
- स्थानीय तहका बिभिन्न समस्याहरुको सम्बन्धमा सम्बद्ध पक्षसँग समाधानको पहल गरिएको छ ।
- जिल्लाभित्र सञ्चालित बिभिन्न विकास निर्माण योजनाहरुको कार्यप्रगति तथा भावी योजना लगायतका विषयहरुमा स्थानीय तह र परियोजना कार्यालयको वीच अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ ।
- प्रदेश सरकार तथा संघीय सरकार एवं स्थानीय सरकारहरु सहभागी हुने गरी सञ्चालन हुने गोष्ठी, अन्तरकृया लगायतका कार्यक्रममा समन्वय सहजीकरण गरिएको छ । साथै तीन वटै तहबीच समन्वय र सहजीकरणको लागि प्रयास गरिएको छ ।
- संघीय सरकार र लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकायबाट आयोजित कार्यक्रमहरुमा सहभागिता, वर्दिया जिल्लामा सञ्चालन भएका कार्यक्रममा सहभागिता तथा सहजीकरण गरिएको छ ।
- विभिन्न गैरसरकारी संघसंस्थाहरुलाई यस जिल्लामा कार्यक्षेत्र विस्तारको लागि सिफारिस एवं अनुमति दिने गरिएको ।
- संघीय सरकारका तथा प्रादेशिक सरकारका विशिष्ट व्यक्तिहरुको स्वागत तथा उहाँहरुको आतिथ्यमा सञ्चालन भएका कार्यक्रममा सकृय सहभागिता जनाइएको छ ।
- जिल्लाभित्रका सबै स्थानीय तहवीच, अनुभव आदानप्रदान, साझा समस्याको साझा समाधान, कार्य सञ्चालनमा एकरुपता, समग्र जिल्लाको एकीकृत विकासको लागि प्रभावकारी संयन्त्रको रुपमा प्रयोग गर्ने गरी प्रत्येक त्रैमासिक रुपमा बैठकको आयोजना गर्ने गरिएको ।
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, विक्री तथा व्यवस्थापकिय कार्यको नियमित अनुगमन गराएिको छ ।
- सडक पूर्वाधार कार्यालय बर्दियाबाट संचालित योजनाहरुको अनुगमन गरिएको छ ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारी को नामथर र पद :

- कार्यालय प्रमुख : श्री लक्ष्मी तिवारी
  मोवाईल नम्वर : 9858062222
  पद : जिल्ला समन्वय अधिकारी
  ईमेल ठेगाना :
- सूचना अधिकारी : श्री कृष्ण कुमार सहनी
  मोवाईल नम्वर : 9858027139
  पद : इन्जिनीयर

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५
- ✓ सार्वजनिक ऐन, २०६३ र नियमावली, २०६४
- ✓ आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली २०६४
- ✓ भ्रमण खर्च नियमावली, २०६४
- ✓ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७७
- ✓ ढंगा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७
- ✓ वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- ✓ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७
- ✓ मूख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि, २०७७
- ✓ सुशासन ऐन, २०६४
- ✓ निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०

## १२. वार्षिक वजेट र सोको बाँडफाँडको अवस्थाः

### १२.१ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधीक त्रैमासिक विवरण

| क्र.सं. | बजेट शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालय (३६५००१०५३) | १५८६२०००।०० | १३६५६८६२।०० |
| २ | बहुक्षेत्रीय कार्यक्रम (३६५००१०६३) | १०००००।०० | ७८६६०।०० |
| ३ | ३०१०००११३ | ५०००००।०० | ४९८९२६।५ |

१२.२ जि.स.स. को आफ्नो स्वः आर्जनतर्फको आम्दानीः

- घर तथा सटर भाडा
- आँपको ठेक्का बापत्
- लक्ष्मणा तालको ठेक्का मार्फत्

१३. तोकिए वमोजिम अन्य विवरण

- ➢ नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन लगायतका सरकारी निकायबाट प्राप्त हुने परिपत्र तथा निर्देशन वमोजिमका र ऐनले गर्नुपर्ने भनि तोकेका अन्य कार्यहरु ।

१३.१ प्रशासन शाखा बाट भएका महत्वपुर्ण कार्यहरु

- ➢ चिठी पत्रको दर्ता चलानी
- ➢ पत्राचार सम्वन्धी कार्य
- ➢ वैठकको व्यवस्थापकीय कार्य ।
- ➢ अनुगमन तथा कार्यक्रमको प्रतिवेदन लेखन सम्वन्धि कार्य ।
- ➢ जिल्ला समन्वय समितिको वैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धी कार्य ।
- ➢ कार्यालयको दैनिक व्यवस्थापकीय तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य ।
- ➢ कार्यालय प्रमुखको आदेश र कार्यालयको आवश्यकतानुसारका अन्य कार्यहरु ।

१३.२ जिन्सी तथा स्टोर शाखा बाट भएका महत्वपुर्ण कार्यहरु

- ➢ सामाग्री खरिद सम्वन्धी कार्य
- ➢ मर्मत सम्बन्धि कार्य
- ➢ जिन्सी सामाग्रीहरुको अभिलेख र संरक्षण सम्बन्धी कार्य

१३.३ आर्थिक प्रशासन शाखा बाट भएका महत्वपुर्ण कार्यहरु

- ➢ तलव भत्ता भुक्तानी सम्वन्धी कार्य
- ➢ पेश्की रकम सम्वन्धी काय
- ➢ अनुगमन सम्वन्धी कार्य
- ➢ बेरुजु फर्स्र्छोट सम्वन्धी कार्य
- ➢ खरिद सामाग्रीको भुक्तानी सम्वन्धी कार्य
- ➢ भुक्तानी सम्वन्धी अन्य आर्थिक कार्यहरु

१४. <u>कार्यालयको सार्वजनिक वेबसाईट</u>

- वेबसाईट : WWW.ddcbardiya@.gov.np
- ईमेल ठेगाना : dccbardiya@gmail.com / bardiyaddc@gmail.com
- टेलिफोन नम्वर : ०८४-४२००६७

१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

- ❖ सवै सूचना खुल्ला रहेको

१६. <u>सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिईएको विषय:</u>

- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ वमोजिम लिखित रुपमा प्रयोजन खुलाई पहिलो चौमासिक अवधिमा कसैको निवेदन नपरेतापनि अन्य ४ जनाले यस जिल्लाका विविध विषयहरुमा कार्यालयमा उपस्थित भै एवं टेलिफोन मार्फत् सूचना माग गरेको र सोही वमोजिम सूचना तत्काल उपलब्ध गराईएको ।

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाश भएका वा हुने भए सोको विवरण:

- ➢ यस कार्यालय (जिल्ला समन्वय समिति, बर्दिया) का सवै गतिविधिहरु वेबसाईट मार्फत् नियमित रुपमा सार्वजनिक गरिएको

# अनुसुची १

## जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण

| पद | नामथर | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| प्रमुख | श्री सुर्य बहादुर बिष्ट | ठाकुरबाबा ०४ | ९८४१४८०५६८ |
| उपप्रमुख | श्री अमिता कुमारी यादव | गुलरीया ०१ | ९८४८२१७२०६ |
| सदस्य | श्री विनय राज भण्डारी | गुलरीया ०७ | ९८५८०२६०२७ |
| सदस्य | श्री तिर्थराज जैशि | गेरुवा ०१ | ९८६५५६२०१३ |
| सदस्य | श्री विमला थारु | राजापुर ०९ | ९८४८२५६२२६ |
| सदस्य | श्री खगिसरा कामी | बाँसगढी ०७ | ९८१९५४६५६७ |
| सदस्य | श्री सुनिता नेपाली | बरबर्दिया ०७ | ९८१५५००३२३ |
| सदस्य | श्री पुरैलाल थारु | बढैयाताल ०६ | ९८६६७५८९४७ |
| सदस्य | श्री भाट क्षेत्री | मधुवन ०५ | ९८१५५०१११४ |

# अनुसुची २

जिल्ला समन्वय समिति बर्दियावाट भएका अनुगमन कार्यका केही झलकहरु (फोटो)







Galaxy M14 5G


Galaxy M14 5G






<u>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अनुगमनको क्रममा</u>







<u>क्रसर उद्योगको अनुगमन</u>

## २१. समस्या तथा चुनौतिहरु

साविक जिल्ला विकास समितिको कार्य जिम्मेवारी तथा संरचना हस्तान्तरण भइ आएको यस समितिप्रति सम्बद्ध केही पक्षहरुको धारणा पूर्वबत रहेको, केही जिम्मेवारी पूर्वबत रहेको भए पनि समितिको अधिकार क्षेत्रमा व्यापक परिबर्तन आएको कुरा विदितै छ । रुपान्तरणको यस उत्तरार्द्धको समयमा समितिको कार्यसम्पादनमा केही असहजता समेत सिर्जना भएको छ । जिल्ला समन्वय समितिको आफ्नै कोष हुने, आफ्नो सम्पत्तिको सुरक्षा गर्नुपर्ने लगायतका जिम्मेवारी सहित जनप्रतिनिधिमूलक संस्थाको रुपमा रहने कानुनतः देखिन्छ । संघीय तथा प्रदेश सरकार तथा स्थानीय सरकारको बीच समन्वय गर्ने सबै तहका सरकारबाट सञ्चालित योजनाहरुको अनुगमन गरी सुधार सुझाब दिनसक्ने कार्यक्षेत्र तोकिए पनि स्पष्ट कानुन, कार्यबिधि, पर्याप्त स्रोतसाधन र राज्य प्रणालीको रुपान्तरणको क्रम अझै जारी रहेको कारणले समितिले अपेक्षित भूमिका खेल्न सकेको छैन । तथापि आफ्नो क्षेत्रधिकार र क्षमताभित्र रही कार्यसम्पादनको कार्य गरिरहेको छ । जिल्ला समन्वय समिति, बर्दियाका समस्या तथा चुनौतिलाई बुँदागत रुपमा निम्नानुसार लिन सकिन्छ ।

- नेपालको संविधानले संघीय, प्रादेशिक र नगरपालिका तथा गाउँपालिकाको रुपमा स्थानीय तह गरी ३ तहको सरकारको कल्पना गरेको, स्थानीय सरकार सञ्चालन ऐनले जिल्ला समन्वय समितिलाई समेत स्थानीय तहको रुपमा उल्लेख गरेको तर अभ्यासमा नेपाल सरकार, ७ वटा प्रदेश सरकार र ७५३ स्थानीय तह रहेकोले जिल्ला समन्वय समितिको अस्तित्वको विषयमा दुविधा उत्पन्न भएको ।
- स्थानीय सरकार सञ्चालन ऐनले जिल्ला समन्वय समितिको कोष रहने, आफ्नो सम्पत्तिको संरक्षण गर्ने लगायतको व्यवस्था रहेकोमा सो व्यवस्था कार्यान्वयनमा असहज भएको ।
- जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको सम्पत्तिको उपयोगबाट प्राप्त आम्दानी समेत उपयोग गर्नमा नियन्त्रण गरिएको ।
- जिल्ला सभा सञ्चालन, कोष परिचालन, जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा समन्वयको ढाँचा लगायतका विषयमा स्पष्ट कानुनी व्यवस्था नभएको ।
- जिल्ला समन्वय समितिमा १३ जनाको दरबन्दी रहेको, पर्याप्त कार्यबोझ नभएकोले न्यून आकर्षणको निकाय हुन पुगेकोले कर्मचारी प्राप्ति र टिकाउन कठीन भएको । यस कार्यालयमा श्रेणीविहीन बाहेक जम्मा ४ जना मात्र स्थायी कर्मचारी कार्यरत रहेको ।
- जनप्रतिनिधिमूलक संस्थाको रुपमा रहेको यस जिल्ला समन्वय समितिको सञ्चालनका लागि नेपाल सरकारले आवश्यक वजेट व्यवस्था गर्ने उल्लेख भएकोमा अत्यन्त न्यून बजेट उपलब्ध गराइएको, सवारी साधनको समेत अनुपलब्धता रहेको ।

## निष्कर्ष

जिल्ला समन्वय समिति, बर्दिया स्पष्ट कानुनको अभाव, कर्मचारी अभाव, स्रोत तथा साधनको अनुपलब्धता, नेपाल सरकारको दोहोरो नीति तथा नियन्त्रणात्मक भूमिकाको बाबजुत पनि अनुगमन, समन्वय, भूमिका स्थानान्तरण, क्षमता विकास लगायतका भूमिकाहरु सकेसम्म प्रभावकारी रुपमा निर्वाह गर्ने प्रयास जिल्ला समन्वय समिति बर्दियाबाट भइरहेको छ । जिल्ला समन्वय समितिको छुट्टै ऐन निर्माण, आवश्यक प्रादेशिक कानुनको निर्माण, संघीयता कार्यान्वयनका लागि जिल्लास्थित Excellence Centre को रुपमा जिल्ला समन्वय समितिमा बहुक्षेत्रगत विज्ञ कर्मचारीको उपलब्धता, अनुगमन प्रणालीलाई स्थानीय तहको कार्य सम्पादनसँग संयोजन गरी अनुदान वितरणको आधार स्थापना, पर्याप्त स्रोत साधनको व्यवस्था, कार्यसम्पादन स्वायत्तता, आवश्यकतानुसार दरबन्दी व्यवस्थापन र कर्मचारीको नेपाल सरकार र जिल्ला समन्वय समितिप्रति जवाफदेहिता रहने व्यवस्था कायम गर्न सकिएमा मात्र नेपालको संविधानले परिकल्पना गरेको भूमिका निर्वाह गर्न जिल्ला समन्वय समिति सफल हुने देखिन्छ ।

**जिल्ला समन्वय समितिको कार्यालय, बर्दिया ।**